फोन नं ०१६६३३६२४

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

अनुसन्धान तथा गुणस्तर सुधार शाखा

सानोठिमी, भक्तपुर

पत्र संख्या: ०८०/०८१

चलानी: ४९

मिति २०८०।१२।२७

**विषय: विद्‌यार्थी भर्ना अभियान सहजीकरणका लागि कार्ययोजना सम्वन्धमा ।**

शैक्षिक सत्र २०८१ को विद्‌यार्थी भर्ना अभियान **"सबै बालबालिकाको विद्‌यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"** भन्ने आदर्श वाक्यका साथ देशभर बैसाख २ गतेदेखी शुरु हुदैछ । विद्‌यालय उमेर समूहका सबै बालबालिकालाई विद्‌यालयमा भर्ना गराइ शिक्षासम्वन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चितता गर्नका लागि निम्न कार्ययोजनासमेतलाई मध्येनजर गरी स्थानीय तहले निर्देश गरे बमोजिम आआफ्नो क्षेत्रमा यस अभियान सञ्चालन गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्वन्धित सबै सरोकारवालाहरूलाई हार्दिक अनुरोध गर्दछ ।

कार्ययोजना

| क्र.स. | मिति | कार्यक्रम | कार्यान्वयन गर्ने तह/ निकाय |
|---|---|---|---|
| १ | २०८१/०१/०२ | गोरखापत्रमा निर्देशन सम्वन्धी विशेषाङ्क तथा शुभकामना सन्देश प्रकाशन | मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| २ | २०८१/०१/०२ | सबै स्थानीय तहका शिक्षा प्रमुख , इकाई प्रमुख, नगरपालिका महासंघ, गाउँपालिका महासंघ र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय तथा केन्द्रीय निकायको सहभागितामा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री ज्यूको समुपस्थितिमा भर्ना अभियान सम्वन्धी अन्तरक्रियात्मक जुम मिटिङ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| ३ | २०८१/०१/०२ | ३० वटा एफएम रेडियोबाट सातवटै प्रदेशबाट भर्ना अभियान सम्वन्धी सन्देश २ देखी २१ गतेसम्म विहान , दिउसो र बेलुका समाचार अघि पछि वा बिचमा गरी दिनको ३ पटक प्रशारण गर्ने | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| ४ | २०८१/०१/०२ | स्थानीय तहको निर्देशन अनुरुप विद्‌यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले विद्‌यालयमा भर्ना भएका विद्‌यार्थीलाई पाठ्यपुस्तक वितरण गर्दै विद्‌यार्थी भर्ना शुभारम्भ गर्ने | स्थानीय तह र विद्‌यालय |
| ५ | २०८१/०१/०३ | स्थानीय तह र विद्‌यालय व्यवस्थापन समितिले विद्‌यार्थी भर्ना गर्न विद्‌यालयलाई आवश्यक सहजीकरण र समन्वय गर्ने | स्थानीय तह र विद्‌यालय व्यवस्थापन समिति |
| ६ | २०८१/०१/०४ | शिक्षा सरोकारवाला सबैसँग भर्ना अभियानका लागि आव्हान गर्ने | शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय तहको शिक्षा शाखाहरू र विद्‌यालयहरु |
| ७ | २०८१/०१/०५ | भर्ना अभियानको ब्यानरसहित घरदैलो कार्यक्रम सञ्चालन गर्ने | स्थानीय तहको शिक्षा शाखाहरू र विद्‌यालयहरु |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## अनुसन्धान तथा गुणस्तर सुधार शाखा

सानोठिमी, भक्तपुर

फोन नं ०१६६३३६२४

| | | | |
|---|---|---|---|
| ८ | २०८१/०१/०६ | विद्यालय सेवा क्षेत्रभित्रका सबै शैक्षिक सूचना सञ्जाल मार्फत विद्यार्थी भर्नासम्वन्धी सूचना गर्न आव्हान गर्ने | स्थानीय तहको शिक्षा शाखाहरू र विद्यालयहरु |
| ९ | २०८१/०१/०७ | अभिभावक विहीन बालबालिकाको अभिभावकत्व ग्रहणका लागि आव्हान गर्ने | स्थानीय तहको शिक्षा शाखाहरू र विद्यालयहरु |
| १० | २०८१/०१/०८ | सामुदायिक सिकाइ केन्द्रहरूले भर्ना अभियानमा सहजीकरण गर्ने | विद्यालय र सामुदायिक सिकाइ केन्द्र |
| ११ | २०८१/०१/०९ | विद्यालय तहमा भर्ना अभियानको संयोजक मार्फत विवरण तयार गर्ने र भर्ना हुन बाँकी बालबालिकाको अनुमानित विवरण तयार गर्ने | स्थानीय तह र विद्यालयहरु |
| १२ | २०८१/०१/१० | विद्यार्थीलाई पोशाक र छात्रवृत्ति वितरणको व्यवस्था गर्ने | स्थानीय तह र विद्यालय |
| १३ | २०८१/०१/१० | विद्यालयले बैसाख १० गतेसम्म भर्ना भएका विद्यार्थी विवरण स्थानीय तहमा बुझाउने | विद्यालय |
| १४ | २०८१/०१/११ | स्थानीय तहको शिक्षा शाखाले विद्यालयबाट प्राप्त विवरणको आधारमा आफ्नो स्थानीय तहभित्र भर्ना हुन बाँकी बालबालिकाको लेखाजोखा गर्ने र पाठ्यपुस्तकको उपलब्धताको समिक्षा गर्ने | स्थानीय तह शिक्षा शाखा |
| १५ | २०८१/०१/१२ | सबै स्थानीय तहले भर्ना विवरण आफ्नो स्थानीय तहको अभिलेखमा भिडाइ शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने | स्थानीय तह |
| १६ | २०८१/०१/१३ | शिक्षा विकास तथा समन्वय इकाईले सबै स्थानीय तहबाट प्राप्त विवरण अध्यावधिक गर्ने | शिक्षा विकास तथा समन्वय इकाई |
| १७ | २०८१/०१/१४ | शिक्षा विकास तथा समन्वय इकाईले शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा भर्ना र पाठ्यपुस्तक सम्वन्धी विवरण पठाउने | शिक्षा विकास तथा समन्वय इकाई |
| १८ | २०८१/०१/१५ देखी २० गतेसम्म | शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त हुन आएको विवरणका आधारमा विद्यार्थी विवरण तयार गरी शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाउने | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |

पुनश्चः यस केन्द्रबाट निर्देशन हुने अन्य कुराको हकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट निर्देश भए बमोजिम हुनेछ ।

..........................
गोविन्दराज पोखरेल
निर्देशक